# बैठक नं. ४३

आज मिति २०७५ फाल्गुन ३ गते शुक्रबार दिउसो २ बजे यस कीर्तिपुर नगरपालिकाका नगर प्रमुख श्री रमेश महर्जनज्युको अध्यक्षतामा, नगर कार्यपालिकाको बैठक, वडा नं. २ स्थित नगरपालिकाको सभाकक्षमा वसी देहाय बमोजिमको उपस्थिति भयो ।

| सि.न. | पद | नाम, थर | दस्तखत |
|---|---|---|---|
| १ | अध्यक्ष, प्रमुख | श्री रमेश महर्जन | |
| २ | सदस्य, उपप्रमुख | श्री सरस्वती रिजाल (खड्का) | |
| ३ | सदस्य सचिव | श्री निरन्जन श्रेष्ठ | |
| ४ | सदस्य, अध्यक्ष वडा न. १ | श्री हर्ष महर्जन | |
| ५ | सदस्य, अध्यक्ष वडा न. २ | श्री रमेशमान डंगोल | |
| ६ | सदस्य, अध्यक्ष वडा न. ३ | श्री राजेन्द्र महर्जन | |
| ७ | सदस्य, अध्यक्ष वडा न. ४ | श्री राजेन्द्र बानीयाँ | |
| ८ | सदस्य, अध्यक्ष वडा न. ५ | श्री राजेन्द्र कुमार महर्जन | |
| ९ | सदस्य, अध्यक्ष वडा न. ६ | श्री न्हुच्छे बहादुर महर्जन | |
| १० | सदस्य, अध्यक्ष वडा न. ७ | श्री राजकुमार माली | |
| ११ | सदस्य, अध्यक्ष वडा न. ८ | श्री विनोद महर्जन | |
| १२ | सदस्य, अध्यक्ष वडा न. ९ | श्री गंगाराम महर्जन | |
| १३ | सदस्य, अध्यक्ष वडा न. १० | श्री अमन महर्जन | |
| १४ | सदस्य | श्री नन्ददेवी महर्जन | |
| १५ | सदस्य | श्री राजु मिजार | |
| १६ | सदस्य | श्री राजेन्द्र तोलाङ्गे | |
| १७ | सदस्य | श्री सरस्वती परियार | |
| १८ | सदस्य | श्री सानु मिजार | |
| १९ | सदस्य | श्री सुनीता नकर्मी | |
| २० | सदस्य | श्री सुमन पोखरेल | |
| २१ | सदस्य | श्री संगिता श्रेष्ठ (उप्रेती) | |
| २२ | आमन्त्रित, ब.ले.अ. | श्री सानुबाबु परियार | |
| २३ | आमन्त्रित, आ.टी.अ. | श्री परशुराम चौलागाईँ | |

## निर्णय नं.१

चालु आर्थिक वर्ष २०७५/०७६ को तेस्रो नगरसभाबाट पारित आर्थिक ऐन, २०७५ र विनियोजन ऐन, २०७५ मा उल्लेखित अनुमानित आय रु. १,००,२७,३०,०००/- (एक अर्व सत्ताईस लाख तिस हजार मात्र) मध्ये विभिन्न निकाय (नेपाल सरकार, प्रदेश सरकार र अन्य) बाट प्राप्त भएको अख्तियारी तथा प्रतिवद्धता समेतका आधारमा संशोधित आय रु. ८३,०३,००,०००/- (त्रिरासी करोड तिन लाख मात्र) कायम गर्न स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिवाट प्रस्ताव भै पेश हुन आएको देहाय बमोजिमको अनुमानित आय र सोहि सीमाको अधिनमा रहि बजेट तथा कार्यक्रम तर्जुमा समितिबाट पेश हुन आएको संशोधित व्यय अनुमान (चालु तथा पूँजीगत) स्वीकृतिका लागि चौथो नगरसभामा सिफारिस सहित पेश गर्ने निर्णय गरियो।

## निर्णय नं.२

तेस्रो नगरसभावाट स्वीकृत चालु आर्थिक वर्ष २०७५/०७६ को चालु खर्च तर्फ ब.शि.न. ३.०४ को सामाजिक सुरक्षा कार्यक्रम अनुदान शिर्षकमा विनियोजित रु. छ करोड मध्येबाट ब.शि.न. १.०१.१ को नपा कर्मचारी तलव शिर्षकमा रु. ९,७५,०००/- (नौ लाख पचहत्तर हजार मात्र), ब.शि.न. १.०१.५ को नगर प्रहरी तथा अन्य प्राविधिक जनशक्ति व्यवस्थापन शिर्षकमा रु. पाँच लाख मात्र, ब.शि.न. १.०९ को सामाजिक परिचालन खर्च (एल.जि.सि.डि.पि. चालु) शिर्षकमा रु. तिन लाख पच्चिस हजार मात्र, ब.शि.न. २.०५ को मर्मत तथा संभार शिर्षकमा रु. पाँच लाख मात्र र ब.शि.न. २.०६.१ को सवारी ईन्धन (पदाधिकारी) शिर्षकमा रु. दुई लाख सहित कुल रु. पच्चीस लाख मात्र विनियोजन ऐन, २०७५ को दफा ३ को उपदफा (२) बमोजिम कुल चालु खर्च तर्फ विनियोजित बजेट रु. तेतिस करोड तेईस लाखमा नवढ्ने गरी रकमान्तर गर्ने साथै पुंजीगत खर्च शिर्षकमा विनियोजित बजेटबाट देहायका योजना तथा कार्यक्रममा रु. ३,१४,२५,०००/-(तिन करोड चौध लाख पच्चिस हजार मात्र) पूँजीगत शिर्षकमा रकमान्तर गरी देहायका योजना तथा कार्यक्रमहरु संशोधन सहित कार्यान्वयन गर्न स्वीकृतिका लागि नगर सभामा पेश गर्ने निर्णय गरियो ।

### संशोधित योजना तथा कार्यक्रमहरु

| सि.न. | स्वीकृत योजना/कार्यक्रम | संशोधित योजना / कार्यक्रम | न.पा. वाट व्यहोरिने स्वीकृत रकम | संसोधित रकम | रकमान्तर |
|---|---|---|---|---|---|
| १ | पर्यटन सुचना केन्द्र स्थापना | पर्यटन सुचना केन्द्र तथा सार्वजनिक पुस्तकालय भवन निर्माण वडा नं १० नयाँबजार | ७०० | ५००० | ४३०० |
| २ | पर्यटन प्रवर्द्धन कार्यक्रम | - | ५०० | १५०० | १००० |
| ३ | - | नगरपालिका स्थापना दिवस | - | - | ३५०० |

| सि.न. | स्वीकृत योजना/कार्यक्रम | संशोधित योजना / कार्यक्रम | न.पा. वाट व्यहोरिने स्वीकृत रकम | संसोधित रकम | रकमान्तर |
|---|---|---|---|---|---|
| ४ | - | मुर्ती कार्यशाला गोष्ठि र पार्क निर्माण | - | - | १००० |
| ५ | - | कीर्तिपुर नयाँबजार रंगरोगन कार्यक्रम | - | - | १५०० |
| ६ | नेपाल भाषा एकेडेमी अध्ययन, अनुसन्धान, प्रकाशन तथा हल व्यवस्थापन (पुँजीगत अनुदान) | - | १००० | १५०० | ५०० |
| ७ | - | जलविनायक प्रावि रेट्रोफिटिङ तथा मर्मत वडा नं ६ | - | १००० | १००० |
| ८ | - | विश्वराष्ट्र मा.वि. मर्मत सम्भार, वडा नं. ३ | - | ५०० | ५०० |
| ९ | - | सार्वजनिक शैक्षिक गुठि विद्यालयहरुको शैक्षिक गुणस्तर अभिवृद्धि कार्यक्रम | - | १००० | १००० |
| १० | - | अति विपन्न परिवार स्वास्थ्य उपचार सहयोग कार्यक्रम | - | ५०० | ५०० |
| ११ | - | कीर्तिपुर आँखा अस्पताल अनुदान, वडा नं १० | - | ५०० | ५०० |
| १२ | - | प्राचिन वाघभैरव मन्दिर पुनर्निमाण | - | १००० | १००० |
| १३ | तामाङ समाज उत्थान विकास कार्यक्रम (वडा नं. ४) | तामाङ समाज उत्थान विकास योजना / कार्यक्रम (वडा नं. ४) | १००० | १००० | ० |
| १४ | खेलकुद सामाग्री वितरण | | ३१९ | ९४४ | ६२५ |
| १५ | - | ईन्द्रायणी खेलमैदान निर्माण तथा स्तरोन्नती, वडा नं २ | - | ३००० | ३००० |
| १६ | - | चारघरे खेलमैदान निर्माण , वडा नं ६ | - | १००० | १००० |
| १७ | EBPS व्यवस्थापन तथा अद्यावधिक र अन्य सफ्टवेयर खरिद कार्यक्रम | EBPS व्यवस्थापन तथा अद्यावधिक र अन्य सफ्टवेयर खरिद कार्यक्रम साथै EBPS आयोजना संचालन | १५०० | ३००० | १५०० |
| १८ | यान्त्रिक साधन तथा सवारी साधन मर्मत संभार | - | २००० | ३००० | १००० |
| १९ | यँचो - भाजंगल वाकी खण्ड (क्रमागत) | - | ४००० | ५५०० | १५०० |
| २० | ताँल्चा - कीर्तिपुर गेट सडकपेटी र बाटो मर्मत (क्रमागत) | - | ५००० | ७५०० | २५०० |
| २१ | सागल - हिटिफ - मुलखुशी | - | ५००० | ६००० | १००० |
| २२ | चारधारा - चारघरे बाटो विस्तार सुधार | - | २००० | ४००० | २००० |

| सि.न. | स्वीकृत योजना/कार्यक्रम | संशोधित योजना / कार्यक्रम | न.पा. वाट व्यहोरिने स्वीकृत रकम | संसोधित रकम | रकमान्तर |
|---|---|---|---|---|---|
| २३ | कीर्तिपुर नगरपालिका साझेदारी जग्गा एकिकरण कार्यक्रम | - | १५०० | - | १००० |
| **जम्मा** | | | | | ३,१४,२५ |

निर्णय नं.३

यस नगरकार्यपालिका कार्यालयमा बिभिन्न मितिमा "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र माग गरी पेश हुन आएका निवेदनहरु मध्ये "घ" वर्गको व्यवसायी इजाजतपत्र सम्बन्धी समितिबाट योग्यता सम्बन्धि कागजातहरु रुजु गरी ईजाजतपत्र दिनका लागि सिफारिस भै आएका निम्न निवेदक/फर्महरुलाई "घ" वर्गको निमार्ण व्यवसायी इजाजतपत्र प्रदान गर्ने निर्णय गरियो ।

| सि.न. | फर्मको नाम | ठेगाना, र प्रोपाईटरको नाम |
|---|---|---|
| १ | क्यालिस्टो बिल्डर्स एण्ड ईन्जिनियर्स प्रा.लि. | कीर्तिपुर ९, नयाँबजार, सन्देश महर्जन / ईरोर्स विष्ट |
| २ | डि.पि.एन. कन्ट्रक्सन | कीर्तिपुर ३, सल्यानस्थान, दिपेन्द्र महर्जन |

निर्णय नं.४

यस नगरपालिका स्थानीय राजस्व परामर्श समितिको सिफारिसका आधारमा देहाय बमोजिम गर्ने निर्णय गरियो ।

(क)नगरसभाबाट पारित चालु आ.व. २०७५/०७६ को सेवा शुल्क, कर दस्तुरको दररेटमा होमस्टे व्यवसायको दर निर्धारण नभएको र होमस्टे लगायत पर्यटन प्रवर्द्धन गर्ने यस नगरपालिकाको लक्ष्य एवं बजेट तथा कार्यक्रमसमेतलाई विचार गरी उक्त व्यवसायलाई वार्षिक रु. ७५०/- (रु. सात सय पचास मात्र) व्यवसाय कर निर्धारणको लागि नगरसभा समक्ष पेश गर्ने निर्णय गरियो ।

(ख)यस कीर्तिपुर नगरपालिका राजस्व सुदृढिकरण कार्ययोजना तर्जुमा गरी उक्त कार्ययोजनाका आधारमा देहाय वमोजिमका राजस्व सम्वन्धि ऐन तथा कार्यविधिहरु तयार गर्ने निर्णय गरियो ।

अ)कर तथा गैरकर राजस्व ऐन तर्जुमा

आ) घर बहाल कर कार्यविधि तर्जुमा

इ) आर्थिक ऐन पुनरावलोकन

निर्णय नं.५

यस नगरपालिकाको नक्सा पास प्रकृयालाई थप सहज, सरल र प्रभावकारी बनाउनका लागि तयार भएको “**कीर्तिपुर नगरपालिका विद्युतिय नक्सा पास कार्यान्वयन आयोजना -I (KMEBPSIP -I)**“ पारित गरी कार्यान्वयनको स्वीकृतीका लागि नगरसभासमक्ष पेश गर्ने निर्णय गरियो।

निर्णय नं.६

Israel स्थित गैऱ्ह राजनितिक तथा गैऱ्ह नाफामुलक संस्था Federation of Local Authorities ले राष्ट्र संघिय आतंकबाद विरुद्ध कार्यकारी निर्देशनालय समिति (UN-CTED) संगको सहकार्यमा Tel Aviv मा आगामी 2019 Feb 26 देखि 28 सम्म आयोजना गर्न लागेको Annual International Municipal Innovation Conference, MUNI WORLD 2019, मा यस नगरपालिकाका उपप्रमुख श्री सरस्वती रिजाल (खड्का) ज्यूलाई सो कार्यक्रममा सहभागी हुन उक्त संस्थाका अध्यक्ष तथा Modi'in-Maccabim-Re'ut शहरका नगर प्रमुखवाट निमन्त्रणा पत्र प्राप्त भएको हुँदा अन्य देश र शहरका गरि करिव २०० जना नगर प्रमुखहरुको सहभागिता रहने उक्त अन्तरराष्ट्रिय स्तरको कार्यक्रममा यस नगरपालिकाको तर्फवाट चालु आर्थिक वर्ष २०७५/०७६ को स्वीकृत विनियोजन ऐन, २०७५ को पूँजिगत तर्फ जनप्रतिनिधिहरुको क्षमता अभिवृद्धि कार्यक्रम शिर्षकबाट प्रचलित कानुन अनुसार खर्च व्यहोर्ने गरि उपप्रमुख श्री सरस्वती रिजाल (खड्का) को मनोनयनका लागि श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा सिफारिस सहित अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं. ७

यस नगरपालिका सामान्य प्रशासन समितिको सिफारिस अनुसार कर्मचारी प्रोत्साहन भत्ता सम्वन्धमा देहाय अनुसार गर्ने निर्णय गरियो ।

(क) यस नगरपालिकामा कार्यरत कर्मचारीहरु कार्यलय समयमा मात्र नभई विहान, बेलुका र सार्वजनिक विदाका दिनमा समेत कार्यालयको काममा खटिनु पर्ने अवस्था रहेको हुँदा त्यसरी खटिए बापत कर्मचारीहरुको मनोबल उच्च राख्दै गुणस्तरीय सेवा प्रवाहमा अझ वढी प्रभावकारीताका लागि प्रोत्साहन गर्दै सबैको प्रयासबाट समृद्ध कीर्तिपुर बनाउन सकियोस् भन्ने अभिप्रायले कर्मचारी प्रोत्साहन भत्तावापत २०७५ साउन महिनादेखि नै लागु हुने गरी नगरपालिकाका स्वीकृत दरवन्दीमा कार्यरत स्थायी कर्मचारीहरुलाई सम्वन्धित पदको शुरु तलव स्केलको १०% का दरले उपलव्ध गराउने ।

(ख) कर्मचारी स्वंयले सम्पादन गरेका कार्यहरु र निर्वाह गरेको जिम्मेवारीको लिखित प्रगति प्रतिवेदन प्रत्येक महिनाको २५ गतेभित्र पेश भएको आधारमा २०७५ फाल्गुण महिनाको १ गतेदेखि लागु हुने गरी कार्यसम्पादनमा आधारित रहेर थप ५% र तोकिएको थप जिम्मेवारी सम्पादन गरेबापत ५% तपशिल अनुसारको

मुल्यांकन समितिको मुल्यांकन र सिफारिसका आधारमा प्रोत्साहन भत्ता उपलव्ध गराउने ।

अ) नगर प्रमुख श्री रमेश महर्जन - संयोजक

आ) उप-प्रमुख श्री सरस्वती रिजाल (खड्का) - सदस्य

इ) प्रमुख प्रशासकीय अधिकृत - सदस्य सचिव

(ग) वडा समितिको कार्यालयमा कार्यरत कर्मचारीको हकमा सम्वन्धित वडा समितिवाट सिफारिस पश्चात उल्लेखित मुल्यांकन समितिको सिफारिसका आधारमा प्रोत्साहन भत्ता उपलव्ध गराउने।

(घ) अन्य सेवा र विषयगत निकायका कर्मचारीहरुको हकमा नगरपालिकामा पूर्णरुपमा समायोजन भई आएपछि प्रोत्साहन भत्ता उपलब्ध गराउने ।

निर्णय नं. ८

यस नगरपालिकाको सम्पदा क्षेत्रमा पर्यटन व्यवसाय प्रवर्द्धनका लागि होटेल, व्यवसाय सञ्चालनका लागि भवन निर्माण गर्न चाहेमा आवश्यक IEE रिपोर्ट सहित भवनको अधिकतम उचाई १७ मि. मा ननाघ्ने गरी प्राविधिक समितिको सिफारिसमा सम्पदा क्षेत्रलाई वाधा नपर्ने गरी भवन निर्माण ईजाजत दिने स्वीकृतिका लागि नगर सभा समक्ष पेश गर्ने निर्णय गरिय ।

निर्णय नं. ९

यस नगरपालिकामा विविध प्राविधिक सिफारिस, मापदण्ड लगायतका कार्यहरु गर्नका लागि देहाय अनुसार "**प्राविधिक समिति**" गठन गर्ने निर्णय गरियो ।

क) बरिष्ठ ई. बालकृष्ण महर्जन - संयोजक

ख) ई. सुरज ओझा - सदस्य

ग) संयोजकले तोकेको प्राविधिक अधिकृत - सदस्य

घ) अमिन - सदस्य

ङ) जु.ई. रविन फैजु - सदस्य सचिव